# बार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा प्रतिवेदन

# आ.व. २०८०/०८१

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

## परोहा नगरपालिका

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

समिक्षा मिति –२०८१/५/३१

## भूमिका

नेपालको संविधानले दिएको दिशानिर्देशन, राज्यका निर्देशक सिद्वान्त र नीतिहरु, घोषित राष्ट्रिय लक्ष्य तथा प्राथमिकताहरु, स्रोतको उपलब्धता, आम नागरिकको अपेक्षा र मागहरु, आर्थिक अनुशासन, समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी उत्पादनशील पूर्वाधार निर्माण, कृषि क्षेत्र, जलस्रोत, आयमूलक तथा सीपमूलक कार्यक्रमको संचालन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, मानव विकास , सीप विकास, सामाजिक पूजीको निर्माण,सामाजिक सशक्तीकरण, पोषण, सामाजिक खराबी बिरुद्व सचेतना कार्य, बाल बिकास , युवा र खेलकूद, कला तथा सँस्कृति, जलवायु जोखिम न्यूनीकरण र उत्थानशील विकास योजना लगायतका सेवा प्रवाहसँग सम्बन्ध हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार पारिएको हो।

## उद्देश्य

यस परोहा नगरपालिकाको आर्थिक ,सामाजिक , साँस्कृतिक र समृद्धिका लागि राजस्वका नीतिहरु तथा पद्धतिको विकास गर्नु, संकलित राजश्व र विभिन्न शीर्षकमा सरोकारवाला निकायहरुबाट प्राप्त हुने आम्दानी ( आय ) को ऐन, कानून र नीति नियमका साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ समेतलाई मध्यनजर गरी बजेटको विनियोजन तथा बाँडफाँड गरी नियमानुसार खर्च गरी योजना पूर्ण सफल बनाई लाभग्राही जनतालाई बढी सम्पन्न र सन्तोषजनक जीवन यापन गर्ने अवसरको सृजना गरी सो योजनाहरुबाट अधिकतम लाभ पु-याउनु हो ।

## प्रगति

आ.व. २०८०/८१ मा यस परोहा नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम अनुसार आर्थिक विकास तर्फ ९२.५९ प्रतिशत, पूर्वाधार विकास तर्फ ८१.२६ प्रतिशत, सामाजिक विकास तर्फ ८८.२४ प्रतिशत , संस्थागत विकास,सेवा प्रवाह र सुशासन तर्फ ९४.४७ प्रतिशत, अन्य कार्यालय संचालन तथा प्रशासनिक तर्फ ८७.७३ प्रतिशत खर्च भएकोमायोजनाहरु सफल कार्यान्वयन भएको र कार्यान्वयन भएका योजनाहरुबाट स्थानीय लाभग्राहीहरु र नगरपालिका भित्रका व्यक्तीहरुले रोजगारी पाएको, जनताको दैनिकीमा सुधार आएको, विकास कार्य प्रति जनताको चासो र चेतनामा बृद्धि हुँदै गएको पाईएको हुँदा समय सापेक्ष योजनाहरुको लक्ष्य र प्रगति उत्तम रहेको रवार्षिक बजेट तथा कार्यक्रम अनुसार योजना कार्यान्वयनमा सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी तथा समाजिक अगुवाका साथै सरोकारवालाहरुको उल्लेखनिय सहयोगी भूमिकाको कदर गर्दै अगामी दिनमा पनि विशेष सहयोगको आशा राख्दै सहयोग गर्ने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने संलग्न कर्मचारी तथा अमूल्य सल्लाह सुझाव र विचार प्रदान गर्नु हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सम्पूर्ण सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

मो.महेफुज अहमद
सदस्य- बजेट तथा कार्यक्रम तर्जुमा समिति

मिति -२०८१/०६/०७